बागमती प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रकाशित मितिः २०७८/१०/२७

चालू आर्थिक वर्ष २०७८/०७९ मा यस मन्त्रालयको बार्षिक कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको कार्यक्रम सञ्चालन गर्ने गरी बजेट स्वीकृत भएको हुँदा मन्त्रालयबाट स्वीकृत **"एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७८"** बमोजिम तपसिल अनुसारका कागजातहरु सहित उक्त कार्यविधिको अनुसूचि-१ को ढाँचामा आवेदन र अनुसूचि २ बमोजिम विद्यालयले गर्ने उद्यमको व्यावसायिक योजना सहित सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सामाजिक विकास मन्त्रालयमा प्रस्तावपत्र पेश गर्न इच्छुक प्राविधिक विद्यालयहरूका लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | कार्यक्रमको नाम | पेश गर्नुपर्ने कागजातहरु |
|---|---|---|
| १. | एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रम मार्फत युवाहरुको उद्यमशीलताको विकास | १. सम्बन्धित निकायबाट प्राप्त प्राविधिक धार सञ्चालन गर्ने अनुमति पत्रको प्रतिलिपि<br>२. उद्यम सञ्चालनका लागि व्यावसायिक परियोजना प्रस्ताव<br>३. उद्यम सञ्चालन गर्ने सम्बन्धी विद्यालय व्यवस्थापन समितिको निर्णय<br>४. उद्यम कोषमा मन्त्रालयले उपलब्ध गराएको रकमको कम्तिमा २० प्रतिशत साझेदारी गर्ने सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय<br>५. विगत ३ वर्षको SEE को नतिजामा GPA २.४ भन्दा बढी ल्याउने प्राविधिक धारमा अध्ययन गर्ने विद्यार्थीहरुको संख्या र प्रतिशत<br>६. विद्यालयको नाममा जग्गा भए जग्गा धनी पूर्जा र जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्ष जग्गा उपलब्ध गराउने गरी भएको करार सम्झौता<br>७. उद्यम कोषमा स्थानीय तहले साझेदारी गर्ने भए सोको संस्थागत निर्णय<br>८. विद्यालयको उद्यम सञ्चालनको अनुभव भए सोको प्रतिवेदन तथा सो सम्बन्धी सम्बन्धित स्थानीय तहको सिफारिस पत्र<br>९. विद्यार्थी उद्यमी क्लब गठन गरेको कागजात |

स्पष्टिकरण: म्याद नाघी आएको र माथि उल्लेखित कागजात नपुग प्रस्ताव उपर कुनै कार्वाही हुने छैन।

**तपसिल**

सम्बन्धित कार्यविधि, अनुसूचि फारम लगायत यस सूचनाको विस्तृत जानकारीको लागि मन्त्रालयको वेबसाइट mosd.bagamati.gov.np मा हेर्न सकिनेछ।